# स्थानीय राजपत्र २०८२

बिन्दबासिनी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पर्सा, नेपाल

स्वीकृत मिति :२०८२।२।२०

CamScanner

# स्थानीय सेवाका कर्मचारीको तह/स्तर वृद्धि सम्बन्धीकार्यविधि,२०८२

बिन्दबासिनी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पर्सा, नेपाल

CS CamScanner

गाउँकार्यपालिकाबाट स्वीकृत मिति :२०८२।२।२०

# स्थानीय सेवाका कर्मचारीको तह/स्तर वृद्धि सम्बन्धीकार्यविधि, २०८२

प्रस्तावना: मधेश प्रदेश सरकारबाट जारी भएको "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०८१" मा रहेको तह/स्तर वृद्धि सम्बन्धी प्रावधानलाई व्यवस्थित गरी कार्यान्वयन गर्न वाञ्छनीय भएकोले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी बिन्दवासिनी गाउँपालिकाको गाउँकार्यपालिकाले स्वीकृत गरी यो कार्यविधि जारी गरेको छ ।

१.संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "कर्मचारी तह/स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८१ रहेको छ ।

(२) प्रारम्भः यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) "ऐन" भन्नाले मधेश प्रदेशबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ सम्झनु पर्छ ।

ख) "कार्यविधि" भन्नाले बिन्दबासिनी गाउँपालिकाको को कर्मचारी तह/स्तर वृद्धि सम्वन्धी कार्यविधि, २०८१ लाई सम्झनु पर्दछ ।

ग) "प्रदेश" भन्नाले मधेश प्रदेश सम्झनु पर्छ ।

घ) "कार्यालय/नगरपालिका" भन्नाले विन्दबासिनी गाउँपालिकाको लाई सम्झनु पर्दछ ।

ङ) "कार्यपालिका" भन्नाले विन्दबासिनी गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बिन्दबासिनी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

छ) "कर्मचारी" भन्नाले कर्मचारी समायोजन ऐन-२०७५ बमोजिम समायोजन भई आएका, विभिन्न विकास समितिबाट समायोजन भइ आएका तथा कर्मचारी समायोजन ऐन- २०७५ बमोजिम संघीय लोक सेवा आयोगबाट सिफारिस भई नियुक्ति लिई आएका र साविक स्थानीय निकायमा नियुक्ति पाई कामकाज गरिरहेका कर्मचारीलाई सम्झनुपर्छ ।

ज) "तह/स्तर वृद्धि" भन्नाले ऐनको दफा ४ दफा ८ र दफा २९ बमोजिम गरिने तह/स्तर वृद्धिलाई सम्झनु पर्दछ ।

झ) "प्रदेश लोकसेवा आयोग" भन्नाले मधेश प्रदेश लोकसेवा आयोगलाई सम्झनु पर्दछ ।

ञ) "सिफारिस समिति" भन्नाले यो कार्यविधिको दफा४ बमोजिम गठित सिफारिस समितिलाई सम्झनु पर्दछ ।

३. <u>सूचना प्रकाशन गर्ने</u> :(१) यो कार्यविधि बमोजिम बिन्दबासिनी गाउँपालिकाको स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तह/स्तर वृद्धि को लागि आवेदन पेश गर्न प्रत्येक वर्षको जेठ महिना र मंसिर महिनामा कम्तीमा तीस दिनको म्याद दिइ दरखास्त आव्हान गरिनेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना कार्यालयको सूचना पाटी र वेवसाइटमा प्रकाशन गरिनेछ ।

४. <u>सिफारिस समिति:</u>(१) ऐनको दफा २९ बमोजिम बिन्दबासिनी गाउँपालिकामा कार्यरत कर्मचारीको तह/स्तर वृद्धि गर्न ऐनको दफा २९ को उपदफा ५ अनुसार तपसिल बमोजिमको तह/स्तर वृद्धि सिफारिस समिति रहनेछ ।

<u>तपसिल</u>

क) प्रमुख प्रशासकीय अधिकृत - संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी १जना - सदस्य

ग) कर्मचारी प्रशासन शाखाको प्रमुख वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी - सदस्य सचिव

(२) समितिको सचिवालयको काम कर्मचारी प्रशासन शाखाले गर्नेछ ।

(३) समितिको बैठकको कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

५.<u>समितिको काम कर्तव्य र अधिकार</u> :सिफारिस समितको काम कर्तव्य र अधिकार तपसिल बमोजिम हुनेछ ।

क) तह/स्तर वृद्धि प्रयोजनका लागि कार्यतालिका निर्धारण गर्ने ।

ख) आवेदन पेश गर्नका लागि सूचना प्रकाशित गर्ने ।

ग) पेश भएका कागजातहरुको अध्ययन तथा विश्लेषण गर्ने ।

घ) तह/स्तर वृद्धि गरिने कर्मचारीहरुको नामावली सहित तह/स्तर वृद्धिका लागि कार्यालयलाई सिफारिस गर्ने ।

६.<u>आवश्यक न्यूनतम योग्यता र सेवा अवधि:</u> यस कार्यविधि बमोजिम तह/स्तर वृद्धि हुन दरखास्त दिने कर्मचारीले आवश्यक न्यूनतम शैक्षिक योग्यता र सेवा अवधि ऐनको दफा २९ उपदफा १ र २ बमोजिम पुरा गरेको हुनु पर्नेछ ।

७.<u>सिफारिस:</u> (१) दरखास्त दिने अन्तिम मितिको पन्ध्र दिन भित्रमा सिफारिस समितिले निवेदन साथ प्राप्त कागजाहरुको जाँच गरी कार्यालयलाई तह/स्तर वृद्धि को लागि सिफारिस गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सिफारिस गर्दा कर्मचारीले तह/स्तर वृद्धि हुनु पूर्वको पदमा भएको स्थायी तथा बढुवा नियुक्ति अनुसारको सेवा अवधि र शैक्षिक योग्यतालाई आधारमानी क्रम निर्धारण गरी सिफारिस गर्नु पर्नेछ ।

(३) यस कार्यविधि बमोजिम तह/स्तर वृद्धि भएका कर्मचारीलाई अनुसूची-२ बमोजिमको ढाँचामा तह/स्तर वृद्धि को पत्र दिइनेछ ।

१२.बाधा अड्काउ फुकाउने अधिकारः- यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा बाधा अडकाउ फुकाउने अधिकार प्रदेश लोकसेवा आयोगको परामर्शमा गाउँकार्यपालिकामा रहनेछ ।

१३.उजुरी/गुनासोः तह/स्तर वृद्धिको निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र प्रदेश लोकसेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ ।

१४.यसै कार्यविधिबाटभएको मानिने :यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनियो कार्यविधि जारि हुनु भन्दाअघिऐनको दफा ८ को उपदफा २२ बमोजिम गरेकोकाम कारवाही पनि यसै कार्यविधि अनुसार भएको मानिने छ ।

१५.प्रचलित कानून बमोजिम हुनेः यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।साथै प्रदेश सरकारले नियम सँसोधन गरी बढुवा खारिज गरेमा सोही बमोजिम सबै बढुवा प्रक्रिया रद्ध भएको मानिने छ ।

CamScanner